ग्यास आजदेखि पुरानै मूल्यमा

गोरखापत्र समाचारदाता
काठमाडौं, भदौ ३१ गते



काठमाडौं उपत्यकाका उपभोक्ताले बिहीबारदेखि प्रतिसिलिन्डर पुरानै मूल्य दुई हजार ६० रुपैयाँमा ग्यास पाउने भएका छन्।

राष्ट्रिय उपभोक्ता मञ्चको स्थापना दिवसका अवसरमा बुधबार काठमाडौंमा आयोजित छलफलमा नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष दिवान चन्दले काठमाडौं उपत्यकामा ग्यास बुलेट भित्रिन थालेकाले भोलिदेखि नै पुरानो मूल्यमा उपभोक्ताले ग्यास पाउने जानकारी दिनुभयो।

भदौ १४ गते कृष्णभिरमा पहिरो गएर पृथ्वी राजमार्ग अवरुद्ध भएपछि ग्यासका बुलेट आउन नसक्दा तराईका प्लान्टमा ग्यास भरेर सिलिन्डर ल्याउनु पर्दा लागत बढेकाले ग्यास उद्योगीले भाउ बढाएका थिए। जस अनुसार कायम मूल्यमा १०५ रुपियाँ ३८ पैसा थपेर दुई हजार १६५ रुपियाँ ३८ पैसा कायम गरिएको थियो। अध्यक्ष चन्दले ग्यासको सहज आपूर्ति भयो भने छिट्टै नै उपभोक्ताले घरछेउकै विक्रेताबाट ग्यास सिलिन्डर सहज पाउने व्यवस्था हुने बताउनुभयो।

काठमाडौं उपत्यकामा ग्यासका बुलेट भित्रिन थालिसकेकाले भोलिदेखि नै ग्यास आपूर्ति पनि सहज हुने जानकारी गराइएको छ।

आपूर्ति मन्त्रालय आपूर्ति व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव जितेन्द्र बस्नेतले नेपालमा थप १६० वटा एलपी ग्यास बुलेट उपलब्ध गराउन भारत सरकार सकारात्मक देखिएकाले छिट्टै सहज हुने जानकारी दिनुभयो। उहाँले मासिक ४० हजार मेट्रिक टनबाट बढाएर ६० हजार मेट्रिक टनभन्दा बढी ग्यास आपूर्ति गर्न कूटनीतिक पहल भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार थप १६० वटा ग्यास बुलेट उपलब्ध गराउन भारत सरकारबाट सकारात्मक प्रतिक्रिया आएको छ।

प्रतिनिधि सभाका सदस्य तथा उद्योग, वाणिज्य र श्रम तथा उपभोक्ता समितिका सदस्य प्रकाशसिंह कार्कीले ग्यासको समस्या व्यवसायीका कारण नभई बिचौलियाका कारण उत्पन्न भएको दाबी गर्नुभयो। प्रवक्ता बस्नेतले घरमा चल्तीको सिलिन्डर र अतिरिक्त सिलिन्डर भएका उपभोक्तासमेत लाइन बसेर थप स्टक राख्न खोज्दा समस्या जटिल बनेको बताउनुभयो।

उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले ग्यासको अभाव, चिनी, चामललगायत खाद्यवस्तुको मूल्यवृद्धि तथा बजार अनुगमन र बजार नियमन प्रणाली नै कमजोर रहेको बताउनुभयो।

बुधबार २५ बुलेट पास

वैकल्पिक बाटोबाट आयात नियमित भइरहे पनि बजारमा भने उपभोक्ताले ग्यास पाउन सकेका छैनन्। लामो समय डिलरमा लाइनमा सिलिन्डर राख्दा पनि ग्यास नपाउँदा उपभोक्ताले चरम अभाव खेप्नु परेको हो।

दुई साताअघि कृष्णभिरमा पहिरो गई मुख्य सडकमार्ग अवरुद्ध भएपछि त्रिभुवन राजपथ अन्तर्गत हेटौंडा–भैंसे–पालुङ–नौबिसे हुँदै काठमाडौंमा ग्यासको आयात भइरहेको नेपाल आयल निगमले जनाएको छ। ग्यास अभावको चरम मारमा एउटा सिलिन्डर हुने विद्यार्थी परेका छन्। शङ्खमूलका राजेन्द्र श्रेष्ठ एक महिनादेखि ग्यास नपाउँदा खाना पकाउन समस्या भएको बताउनुभयो। विद्युतीय चुलो भए पनि दुवै जना बिहानै कामका लागि निस्कन पर्ने हुँदा ८४ वर्षकी आमाले प्रयोग गर्न नजान्दा धेरै कठिन भएको उहाँको भनाइ छ। श्रेष्ठ मात्र नभएर पछिल्लो समय अधिकांश उपभोक्ताले ग्यासको अभाव खेप्नु परेको छ। नेपाल आयल निगम एलपी ग्यास विभाग प्रमुख विनितमणि उपाध्यायले मुख्य राजमार्ग अवरुद्ध भई तराईबाट साना गाडीमा ग्यास ल्याउँदा समय लाग्ने र थोरै ग्यास आउने गरेकोमा अब बुलेट आउँदा अभाव हटेर उपभोक्ताले सहजरूपमा ग्यास पाउने बताउनुभयो।

अधिकांश ग्यास उद्योग बाहिर रहेकाले बाटो खुला भएपछि उद्योगीले रिफिलिङ गरेर बजारमा ल्याउने हुँदा बजारमा उपभोक्ताले सहज ढङ्गले ग्यास पाउने उहाँको भनाइ छ। एउटा बुलेटमा एक हजार २५० सिलिन्डर ग्यास आउने गर्छ। निगमका अनुसार कृष्णभिरबाट मङ्गलबार छ वटा बुलेट पास भएको र बुधबार २५ वटा बुलेट पास भएका छन्। नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष दिवान चन्दले उपत्यकामा दैनिक ४० हजार सिलिन्डर खपत हुने रहेकोमा अहिले त्यति सङ्ख्यामा आयात भइरहे पनि बजारमा माग धेरै हुँदा उपभोक्ताले सहज ढङ्गले ग्यास पाउन नसकेको बताउनुभयो।

पश्चिम एसियाली मुलुकमा भएको युद्धका कारणले आपूर्तिमा समस्या भई बजारमा ग्यास अभाव हुन थालेपछि गत फागुन २८ देखि चार महिना आधा तौलको सिलिन्डर वितरण गरेको थियो।

नीतिगत सहजीकरणको खोजीमा एनसेल

गोरखापत्र समाचारदाता
काठमाडौं, भदौ ३१ गते

२०६२ असोज १ गते मेरो मोबाइल ब्रान्डमा दूरसञ्चार सेवा सुरु गरेको हालको एनसेलले नेपालमा आफ्नो सेवाको २१ वर्ष पूरा गरेको छ। निजी क्षेत्रबाट सञ्चालित एक मात्र दूरसञ्चार सेवाप्रदायकका रूपमा नेपालमा एनसेलको यात्रा भने निकै आरोहअवरोह पूर्ण रह्यो। स्वामित्वमा बारम्बार भइरहने परिवर्तन, कर भुक्तानी र विदेशी लगानीका विषयले एनसेल चर्चा र विवादमा रहिरह्यो।

दूरसञ्चार ऐन, २०५३ अनुसार दूरसञ्चार सेवाप्रदायकले बढीमा २५ वर्षका लागि सेवा सञ्चालनको अनुमतिपत्र प्राप्त गर्ने व्यवस्था छ। सेवा प्रवाहको २१ वर्ष पूरा गरेको एनसेलको कानुन अनुसार अब चार वर्ष मात्र अनुमतिपत्रको अवधि बाँकी छ। अर्कोतिर पछिल्लो पटक कम्पनीको स्वामित्वमा भएको परिवर्तन सरकारले स्वीकार गरेको छैन। कम्पनीसँग सम्बन्धित कतिपय विवाद र मुद्दा अदालतमा विचाराधीन छन्। यस्तो अवस्थामा एनसेलले सरकारले नीतिगत सहजीकरण गरिदिए नेपालमा लगानी थप्ने र लामो समय यहीँ सेवा दिने उल्लेख गरेको छ।

एनसेलका प्रमुख कर्पोरेट तथा नियामक अधिकृत डिल्लीराम श्रेष्ठ सरकारले सहजीकरण गरिदिनुपर्ने विषय छिटो सम्बोधन भए व्यावसायिक वातावरणमा सुधार आउने बताउनुहुन्छ। कम्पनीको पछिल्लो स्वामित्व परिवर्तनका सन्दर्भमा एनसेलबाट गल्ती भएको भए त्यसको नियमनकारी कारबाही अथवा जरिवाना भए त्यसको टुङ्गो लगाइदिनुपर्ने उहाँको भनाइ छ।

"कम्पनीको स्वामित्व बिक्री गरेर अरू कसैको स्वामित्वमा आइसकेको छ," उहाँले भन्नुभयो, "यसमा पूर्वअनुमति लिनुपर्ने भन्ने विषयमा गल्ती भएको भन्ने लाग्छ भने सरकारले त्यो विषयलाई पनि छिटो टुङ्गोमा पुर्‍याइदिनु पर्छ।"

एनसेलको यसअघिको मुख्य विदेशी स्वामित्वकर्ता आजियटा ग्रुप बर्हाडले सन् २०२३ डिसेम्बर १ मा स्पेक्ट्रलाइट युकेलाई आफ्नो स्वामित्व बिक्री गर्ने सम्झौता गरेको थियो। उक्त सम्झौता विवादित बनेपछि सरकारले पूर्वमहालेखा परीक्षक टङ्कमणि शर्माको संयोजकत्वमा गठित समितिको अध्ययन तथा छानबिनले सेयर कारोबारमा कानुन उल्लङ्घन भएको ठहर गर्दै खरिदबिक्री सम्झौता स्वीकार गर्न नहुने सुझाव दिएको थियो।

एनसेलको स्वामित्व बिक्रीवितरण नगर्न प्राप्त पत्रले बैङ्कले लगानी उपलब्ध गराउन छाडेको र विदेशी विनिमय स्वीकृति प्राप्त नहुँदा ब्यान्डविथ, उपकरण र सफ्टवेयर आयात गर्न नपाउँदा सेवा नै प्रभावित बन्न पुगेको श्रेष्ठको भनाइ छ। दूरसञ्चार अत्यावश्यक सेवा भएकाले सरकारले यसको कानुनी प्रक्रिया पूरा गरेर सेवा सञ्चालनलाई सहज बनाइदिनुपर्ने उहाँको भनाइ छ।

Gandaki Province Government
Ministry of Physical Infrastructure
Development & Transport Management

Road, Bridge and Provincial Building Office, Kaski

REQUEST FOR EXPRESSION OF INTEREST (EOI)

Date of Publication: 2083-06-01 (2026-09-17)

Road, Bridge and Provincial Building Office, Kaski invites request for expression of interest (EOI) from eligible consultants for the post of Structural Engineer/Building Expert as individual Consultant (Natioual). All other information and EOI document can be obtained from https://.rbpbo.gandaki.gov.np.

पाँचखाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक

बोलपत्र संशोधन सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०६।०१)

यस पाँचखाल नगरपालिकाबाट मिति २०८३।०५।२६ गते प्रकाशित ठेक्का नं PMUN/NCB/GOODS/01/2083/084, Procurement of Medicine and Surgical Items Related to Basic and Emergency Health Services को बोलपत्र आह्वान भए पश्चात् सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंको मिति २०८३।०५।२९को सूचना अनुसार सार्वजनिक खरिद सम्बन्धी नमूना बोलपत्र कागजात (Standard Bidding Document-SBD) संशोधन

नेपाल बैङ्कका कर्मचारीको जीवन बिमा नेसनल लाइफमा

गोरखापत्र समाचारदाता
काठमाडौं, भदौ ३१ गते

नेपाल बैङ्क लिमिटेडमा कार्यरत कर्मचारीको जीवन बिमा नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा हुने भएको छ। दुवै संस्थाबिच बुधबार त्यससम्बन्धी सम्झौता भएको हो।

सम्झौतापत्रमा नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत स्मृतिराज कँडेल र नेपाल बैङ्क लिमिटेडका सहायक प्रमुख कार्यकारी अधिकृत दीपेन्द्रराज काफ्ले हस्ताक्षर गर्नुभयो।

सम्झौता अनुसार नेपाल बैङ्क लिमिटेडमा कार्यरत कर्मचारीको जीवन सुरक्षालक्षित जीवन बिमा सुविधा उपलब्ध गराउने जनाइएको छ। कर्मचारीको जीवन तथा आर्थिक सुरक्षालाई थप सुदृढ गर्ने उद्देश्यले गरिएको उक्त सम्झौताले बैङ्कका कर्मचारीलाई बिमामार्फत थप सुरक्षा तथा जोखिम व्यवस्थापनको सुविधा प्रदान गर्ने विश्वास गरिएको नेसनल लाइफले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

सम्झौता समारोहमा दुवै संस्थाका सम्बन्धित पदाधिकारी तथा अधिकारीको उपस्थिति थियो। सहभागी पदाधिकारीले कर्मचारीको सुरक्षा, कल्याण तथा दीर्घकालीन हितका लागि जीवन बिमाको महत्त्व रहेको उल्लेख गर्दै यस प्रकारको सहकार्यले संस्थागत सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

चलचित्र विकास बोर्डको अध्यक्ष पदका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८३/०६/०१

चलचित्र विकास बोर्डको अध्यक्ष पदमा एक जना उम्मेदवार छनोट गरी मनोनयनका लागि सिफारिस गर्नुपर्ने भएकोले इच्छुक योग्य व्यक्तिले मिति २०८३/०६/०७ (बुधबार) कार्यालय समयभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । उम्मेदवारका लागि न्यूनतम योग्यता, दरखास्त फाराम, दरखास्तसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजात लगायतको विस्तृत जानकारी सूचना तथा सञ्चार मन्त्रालयको वेबसाइट www.moic.gov.np मा उपलब्ध छ ।

श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।

प्रकाशित मिति : २०८३।०६।०१
मुद्दा फाँट-२, मुद्दा नं [illegible] DR [illegible]

वादी **ग्लोबल आइएमई बैंक लिमिटेड** प्रतिवादी तपाईंहरू तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।०१।३१ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५(पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०५।२५ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून कण्बमोजिम आफ्नो लिखितको प्रमाणसमेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन। **तपसिल**

वाणिज्य कार्यालय, नेपालगञ्जमा सा.फ.र.नं. ३०६/०७२/०७३ अन्तर्गत मिति २०७२।१०।२८ मा बाँके जिल्ला, नेपालगञ्ज नगरपालिका वडा नं. २४ रजिष्ट्रर्ड र परिवर्तित बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १८ ठेगाना भएको एम. के. इन्टरनेशनलका साझेदारहरू हरी चरण कुर्मीको नाति, राम मिलन कुर्मीको छोरा, बाँके जिल्ला, सितापुर गाउँ पञ्चायत वडा नं. ३ नागरिकताको र परिवर्तित तथा कर्जा तमसुक अनुसार हाल बाँके जिल्ला, खजुरा गाउँ पालिका वडा नं. २ बस्ने वर्ष ७९ का साझेदार/ऋणी तथा जमानतकर्ता **राम सुख वर्मा** (ना.प्र.नं. ०५०३, जारी मिति २०२९।०४।०४, जि.प्र.का., बाँके)................................१

राम मिलन कुर्मीकी बुहारी, राम सुख वर्माकी पत्नी, राम शाहकी छोरी, बाँके जिल्ला, राधापुर गा.वि.स. वडा नं. ३ नागरिकताको र परिवर्तित बाँके जिल्ला, खजुरा गाउँपालिका वडा नं. 1 तथा कर्जा तमसुक अनुसार हाल बाँके जिल्ला, खजुरा गाउँपालिका वडा नं. २ बस्ने वर्ष ६४ का जमानत कर्ता **सुशिलादेवी वर्मा** (ना.प्र.नं. १/१३९, जारी मिति २०४६/०९/१२, जि.प्र.का., बाँके)................................१

श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।

प्रकाशित मिति : २०८३।०६।०१
मुद्दा फाँट-२, मुद्दा नं [illegible]-DR-[illegible]

वादी **माछापुच्छ्रे बैंक लिमिटेड** प्रतिवादी तपाईंहरू तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।११।२७ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०१।२१ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानूनबमोजिम आफ्नो लिखितको प्रमाणसमेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन । **तपसिल**

नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४।११।२३ मा दर्ता भई प्रा.लि.नं. १८५२५४।०७४।०७५, स्थायी लेखा नं. ६०६७६२७४४ कायम भएको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९, अनामनगरमा रजिष्टर्ड कार्यालय रहेको **फास्ट सुभर्स प्रा.लि**..........१

इन्द्र बहादुर थापाको नाति, खड्ग बहादुर थापाको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ११ हाल परिवर्तित कोशी प्रदेश, मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. ८ स्थायी ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला, बूढानीलकण्ठ नगरपालिका वडा नं. १०, कपन बस्ने वर्ष ३७ को **प्रज्वल थापा** (ना.प्र.प.नं. ८६१३३।२७५, मिति २०६२।०४।३२ जिल्ला मोरङ) (मोबाइल नं. ९८५११०२०९९)..........१

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर

कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३।०६।०१

यस शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका लागि आवश्यक तपसिल बमोजिमका पदहरूमा सेवा करारमा कर्मचारी आवश्यक परेकाले हुँदा इच्छुक योग्य उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र दरखास्त आह्वान गरिन्छ । म्याद नाघी या रीत नपुगी प्राप्त हुन आएको दरखास्त उपर कारबाही गरिनेछैन । विज्ञापन सम्बन्धी थप जानकारी यस केन्द्रको वेबसाइट: sdntc.gov.np र सूचना पाटीमा हेर्न सकिनेछ ।

विज्ञापन नं.	पद/तह	सङ्ख्या
०१/८३/८४	रजिस्ट्रार (प्रत्यारोपण शल्यचिकित्सा तथा हेपाटिको-प्याङ्क्रियाटो बिलियरी सर्जरी) (आठौं)	१
०२/८३/८४	रजिस्ट्रार नेफ्रोलोजिस्ट (आठौं)	२
०३/८३/८४	आई.टी. अफिसर	१

श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।

प्रकाशित मिति : २०८३।०६।०१
मुद्दा फाँट-२, मुद्दा नं ०८२-DR-[illegible]

वादी **सानिमा बैंक लिमिटेड** प्रतिवादी तपाईं तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०५।०८ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०९।२१ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानूनबमोजिम आफ्नो लिखितको प्रमाणसमेत लिई हाजिर हुन आउनु वा कानूनबमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन । **तपसिल**

खडानन्द उप्रेतीको नाति, डिल्ली प्रसाद उप्रेतीको छोरा, साविक सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ४ (परिवर्तित मधेश प्रदेश, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ४) स्थायी ठेगाना भई हाल मधेश प्रदेश, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९ बस्ने **समीर प्रसाद उप्रेती** (ना.प्र.नं. १९३६४११५७, जारी मिति २०५८/०७/१६, सर्लाही) (सम्पर्क नं. ९८५४०३६१०१)................................१

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय, सामान्य सेवा विभाग

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

यस बैंकका लागि आवश्यक निम्नलिखित कार्यका लागि गोरखापत्रमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएको दरभाउपत्रहरूमध्ये निम्नलिखित दरभाउपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा यस बैंकको आर्थिक प्रशासन तथा खरिद विनियमावली २०७१ (तेस्रो संशोधन २०८२) को विनियम १०६ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

आशयको सूचना प्रकाशित मिति	कामको विवरण	गो.प.मा प्रकाशित सूचनाको मिति	छनोट भएको सिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना	कबोल रकम (VAT सहित)
२०८३/०६/०१	Printing and Supply of Account Statement 500 Boxes.	२०८३/०४/२०	M/S United Multi Printers Pvt. Ltd., Nagarjun-04, Sitapaila, Kathmandu	रु.१२,८८,२००।०० (अक्षरेपि बाह्र लाख अठ्यासी हजार दुई सय रुपैयाँ मात्र)

श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।

प्रकाशित मिति : २०८३।०६।०१
मुद्दा फाँट-२, मुद्दा नं [illegible]-DR-[illegible]

वादी **गरिमा विकास बैंक लिमिटेड** प्रतिवादी तपाईंहरू तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८३।०१।१७ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०५।२६ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानूनबमोजिम आफ्नो लिखितको प्रमाणसमेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन । **तपसिल**

कुल बहादुर प्रजापतिको नाति, सुकु भाई प्रजापतिको छोरा, काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ को परिवर्तित बागमती प्रदेश, काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९, गोंगबु बस्ने वर्ष ४२ को ऋणी **निमेश प्रजापति** (ना.प्र.नं. १४११/४०१७, जारी मिति २०५७।११।१७, जि.प्र.का., काठमाडौं)(सम्पर्क नं. ९८४१५९९४४२)..........१

सुकु भाई प्रजापतिकी बुहारी, निमेश प्रजापतिकी पत्नी, काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ को परिवर्तित बागमती प्रदेश, काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९, गोंगबु बस्ने वर्ष ४५ की धनजमानी कर्ता **भानु प्रजापति** (शाही) (ना.प्र.नं. २५९००/४५६४, जारी मिति २०५५/०३/२६, प्रतिलिपि मिति २०६१।०२।२०, जि.प्र.का., काठमाडौं)....१

श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।

प्रकाशित मिति : २०८३।०६।०१
मुद्दा फाँट-२, मुद्दा नं [illegible]-DR-[illegible]

वादी **नबिल बैंक लिमिटेड** प्रतिवादी तपाईंहरू तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०८।०९ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०५।२६ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानूनबमोजिम आफ्नो लिखितको प्रमाणसमेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन । **तपसिल**

विलट सिंह दनुवारको नाति, मोहन सिंहको छोरा, सिरहा जिल्ला, चन्द्र अयोध्यापुर गा.वि.स. वडा नं. २ को परिवर्तित मधेश प्रदेश, सिरहा जिल्ला, नरहा गाउँपालिका वडा नं. ३ बस्ने वर्ष ६४ को ऋणी **ज्ञानदेव सिंह दनुवार** (ना.प्र.नं. १८६२०५७६/३१२५, जारी मिति २०५५।१।१३, प्रशासन कार्यालय, सिरहा) (सम्पर्क नं. ९८४२८९४८८३)....१

मनवीर तामाङकी छोरी, मोहन सिंहकी बुहारी, ज्ञानदेव सिंह दनुवारको पत्नी, सिरहा जिल्ला, चन्द्र अयोध्यापुर गा.वि.स. वडा नं. ७ को परिवर्तित मधेश प्रदेश, सिरहा जिल्ला, नरहा गाउँपालिका वडा नं. ३ बस्ने वर्ष ६१ की जमानतकर्ता **झलु देवी दनुवार** (ना.प्र.नं. १८६२३३४५, जारी मिति २०५८।११।२०, जिल्ला प्रशासन कार्यालय, सिरहा)(सम्पर्क नं. ९८४२८९४८८३)................................१

श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।

प्रकाशित मिति : २०८३।०६।०१
मुद्दा फाँट-२, मुद्दा नं [illegible]-DR-[illegible]

वादी **प्रभु बैंक लिमिटेड** प्रतिवादी तपाईंहरू तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८३।०२।०८ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०३।३२ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानूनबमोजिम आफ्नो लिखितको प्रमाणसमेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन । **तपसिल**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१।०३।०९ मा प्रा.लि. दर्ता नं. १२३८३५।०७०।०७१ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७१।०३।११ (मू.अ.कर दर्ता मिति २०७१।०३।११) मा स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्र नं. ६०१८८८३८६ को प्रमाणपत्र प्राप्त बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.१७ को परिवर्तित बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १७ सातदोबाटो स्थित ऋणी **पुजा मार्केटिङ प्रा.लि**................................१

डिल्लीप्रसाद चौलागाईंकी बुहारी, रविन्द्र चौलागाईंकी पत्नी, दुर्गा बहादुर खत्रीकी छोरी, बागमती प्रदेश, भक्तपुर जिल्ला, नखेल गा.वि.स. वडा नं. ९ को परिवर्तित भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. २५ को परिवर्तित बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २४ बस्ने वर्ष ३८ की सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता **पुजा खत्री** (ना.प्र.नं. १४९९४ जारी मिति २०६०।०८।११ जि.प्र.का.भक्तपुर)................................१

टेक बहादुर खत्रीको नाति, दुर्गा बहादुर खत्रीको छोरा, बागमती प्रदेश, भक्तपुर जिल्ला, नखेल गा.वि.स. वडा नं.१ को परिवर्तित बागमती प्रदेश, भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ९ वर्ष ५२ का सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता राजेन्द्र खत्री (ना.प्र.नं. ९/४१०, जारी मिति २०४७।०४।०१, जि.प्र.का., भक्तपुर)(सम्पर्क नं.९८०१०१६७८२)......१